राजगढ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
प्रदेश नं.२, नेपाल

मिति:२०७७/१० /२७

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सुचना
( प्रथम पटक प्रकाशित मिति २०७७/१०/२७)

प्रस्तुत विषयमा भुमि व्यवस्थापन, सहकारी तथा गरिबी मन्त्रालयको प.स २०७७/७८ च.नं. ४० मिति २०७७/०८/१४ को प्राप्त पत्रानुसार यस राजगढ गाउँपालिकामा गरिब परिवार पहिचान तथा परिचयपत्र विवरण कार्यक्रम संचालनको लागि तपसिल बमोजिमको कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरीकले ७(सात) दिनभित्र दरखास्त दिनु हुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/२०७७/०७८ | सुपरिवेक्षक | १ | रु.७०० | |
| २ | ०४/२०७७/०७८ | गणक | ४ | रु.५०० | |

**शैक्षिक योग्यता**

१. सुपरिवेक्षकको लागि न्यूनतम योग्यता

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ,कम्प्यूटर सम्बन्धि आधारभुत ज्ञान भएको ।

ख) उमेर : कम्तिमा १८ वर्ष पूरा गरि ४० वर्ष ननाघेको ।

२. गणकको लागि न्यूनतम योग्यता

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको, कम्प्यूटर सम्बन्धि आधारभुत ज्ञान भएको ।

ख) उमेर: कम्तिमा १८ वर्ष पूरा गरि ४० वर्ष ननाघेको

३. कार्य अनुभव :अनुभविलाई विशेष ग्राहयता दिइनेछ ।

४. दरखास्त दिने स्थान :राजगढ गाउँकार्यपालिकाको कार्यालय,नर्घो सप्तरी ।

५. दरखास्त फाराम पाइने स्थान: यस गाउँपालिकाको वेवसाइट www.rajgadhmun.gov.np वा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ ।

६. छनौटको किसिम: प्रारम्भिक योग्यता क्रमको सुचि प्रकाशन,लिखित परिक्षा र अन्तवार्ता

७. आवेदन तथा संग्लन कागजातहरु: आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरु: १)नागरिकताको प्रमाणित प्रतिलिपि २),न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणित प्रतिलिपि ३)चारित्रिक प्रमाणपत्र ४)अनुभव खुल्ने कागजात ५) २ प्रति पासपोर्ट साईजको फोटो ।

८. सेवा अवधि: नियूक्ति भएको मितिले बढिमा ५ महिना ।

साथै तोकिए बमोजिम पदको दरखास्त दस्तुर यस गाउँपालिकाको कार्यालय वा राजगढ गाउँपालिकाको आन्तरीक राजस्व खाता, नेपाल एस.वि.आई बैङ्क लि.राजगढ शाखा को खाता नं. ४३४९५२४१२०७००४ बुझाउनुपर्ने छ ।

०७७/१०/२६

..........................
रमेश प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner